जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १०८ २०७९ साल मंसिर ८ गते बिहीबार (24 Nov. 2022 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

यस अंक भित्र : २ पृष्ठमा : संसद् मात्र हैन, सन्देशसमेत ३ पृष्ठमा : चालु आवको अन्त्यसम्म राजधानीका ... ३ पृष्ठमा हत्या-आतङ्कमा उत्रेका...

# दोब्बर भन्दा बढी मतले उपेन्द्र यादवलाई हराउँदै डा. सीके राउतको फराकिलो जीत

**दैनिक समाचारदाता**
**राजविराज, ७ मंसिर ।**

प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ मा जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलाई दोब्बर भन्दा बढी मतले पराजित गर्दै जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सिके राउत विजयी भएका छन् ।

पहिलो पटक चुनावी मैदानमा उत्रेका जनमत पार्टीका अध्यक्ष डा. सिके राउत १८ हजार ६३ फराकिलो मतान्तरले उपेन्द्र यादवलाई पराजित गरेका हुन् । डा.राउतले ३५ हजार ४२ मत ल्याउँदा उपेन्द्रले १६ हजार ९ सय ७९ मत मात्र ल्याए । त्यस्तै सत्ता गठबन्धनका तर्फबाट लोसपाका उम्मेदवार जयप्रकाश ठाकुरले ७ हजार ३ सय ४७ मत प्राप्त गरे ।

२०७४ मा यस क्षेत्रबाट जसपा (तत्कालिन संघिय समाजवादी फोरम) का अध्यक्ष उपेन्द्र यादवले फराकिलो मतान्तरले जीत हात पारेका थिए ।

मधेशका दुई प्रभावशाली नेता डा.राउत र यादवले



चुनावमा एउटै क्षेत्र रोजेर आमने सामने भएपछि दुबै बीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको थियो । तर, परिणामले त्यस्तो देखाएन । डा.राउतले दोब्बर भन्दा बढी मतले उपेन्द्रलाई हराउदै पुर्व अनुमानलाई गलत सावित भएको छ ।

जीत पछि डा.राउतले जिल्लामा शिक्षा, स्वास्थ्य र रोजगारीको प्रमुख समस्या रहेको बताउदै आफुले जिम्मेवारी सम्हाले पछी यी समस्या समाधान तर्फ प्रमुखताका साथ काम गर्ने बताए । उनले जिल्लालाई छिट्टै पुर्ण साक्षर बनाईने उद्घोष समेत गरे । उनले प्रत्येक परिवारमा एक जनालाई रोजगारीको अवसर प्रदान गर्ने समेत बताए ।

जिल्लाको अन्य प्रदेशसभा क्षेत्रको केही स्थानमा समेत जनमतका उम्मेदवारले निरन्तर अग्रता लिरहेकोमा यस पल्ट मधेश प्रदेश सभामा उक्त पार्टीको सशक्त उपस्थिती हुने आकलंन गरिएको छ ।

# निवर्तमान प्रदेशसभा सदस्य यादवलाई पराजित गर्दै जनतमको सप्तरीमा तेश्रो जित



**दैनिक समाचारदाता**
**राजविराज, ७ मंसिर ।**

सप्तरीको प्रदेशसभा क्षेत्र नं. ३ को २ मा जनमत पार्टीका उम्मेदवार ई. शम्भु साहले निवर्तमान प्रदेशसभा सदस्य विदेश्वर यादवलाई ४८ मतले पराजित गरेका छन् । यो जित सँगै सप्तरीमा जनमत पार्टीका तीन जना प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् ।

साहले १० हजार ८ सय ६२ मत प्राप्त गरे भने उनका निकटत्तम प्रतिद्वन्दी यादवले १० हजार ८ सय १४ मत ल्याए । यसैगरि नेपाली काँग्रेसका उम्मेदवार भगवती यादवले ९ हजार २ सय १ मत प्राप्त गरे ।

यसअघि मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहलाई पराजित गर्दै प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा (१) बाट जनमत पार्टीका उम्मेदवार सतिश कुमार सिंह निर्वाचित भएका छन् ।

यस्तै प्रतिनिधिसभा सप्तरी क्षेत्र नं. २ को प्रदेशसभा (२) बाट जनमत पार्टीका उम्मेदवार महेशकुमार यादवले नेकपा माओवादी केन्द्र सप्तरीका अध्यक्ष एवं पूर्व सिंचाई मन्त्री उमेश यादवलाई पराजित गरेका थिए ।

# सप्तरीको क्षेत्र नं. १ मा जसपा तथा ३ र ४ मा काँग्रेसको अग्रता

**दैनिक समाचारदाता**
**राजविराज, ७ मंसिर ।**

सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ मा एमाले-जसपा गठबन्धनका साझा उम्मेदवार मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साह १० हजार ८ सय १८ मत प्राप्त गरि अग्रता लिएका छन् । उनलाई जनमत पार्टीका जयकान्त राउतले पच्छ्याइरहेका छन् । उनी ८ हजार ४ सय ९७ मतसहित दोश्रो स्थानमा छन् । त्यस्तै सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली काँग्रेसका रामदेव साह ७ हजार ४ सय ३८ मत ल्याई तेश्रो स्थानमा छन् ।

त्यस्तै प्रतिनिधिसभा क्षेत्र नं. ३ मा सत्तारुढ गठबन्धनका उम्मेदवार नेपाली काँग्रेसका दिनेश कुमार यादव ६ हजार ४ सय ९३ मत ल्याई अग्रता लिएका छन् भने ४ हजार १ सय ८७ मत ल्याई जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार ताराकान्त चौधरी उनलाई पच्छ्याइरहेका छन् । तेश्रो स्थानमा जनमत पार्टीका अनिस अन्सारी रहेका छन् ।

यसैगरि प्रतिनिधिसभा क्षेत्र नं. ४ मा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार नेपाली काँग्रेसका तेजुलाल चौधरी ४ हजार ३ सय ४७ मत ल्याई अग्रता लिएका छन् । जनमतका सुकदेव साहले ३ हजार १ सय ७६ मतसहित उनलाई पच्छ्याइरहेका छन् भने जसपा एमाले गठबन्धनका बालकिशोर यादव ३ हजार ९४ मत ल्याई तेश्रो स्थानमा रहेका छन् ।

यसैगरि प्रदेशसभा १ को १ मा एमालेका राजकुमार लेखी अग्रस्थानमा रहेका छन् । उनले ६ हजार ७ सय २८ मत प्राप्त गरेका छन् । दोश्रो स्थानमा जनमत पार्टीका शिवनन्दन मेहता रहेका छन् । उनले ४ हजार ५ सय २६ मत पाएका छन् । सत्तारुढ गठबन्धनका तर्फबाट माओवादी केन्द्रका उम्मेदवार बेचन चौधरी ४ हजार ३ सय ४२ मत प्राप्त गरि तेश्रो स्थानमा छन् ।

यस्तै सोही प्रदेशसभा १ को २ मा जनमत पार्टीका सकिल अली अग्रस्थानमा रहेका छन् । उनलाई नेपाली काँग्रेसका बद्री महात्मानले पच्छ्याइरहेका छन् । तेश्रो स्थानमा जसपाका उम्मेदवार सुगम्बर यादव रहेका छन् ।

यस्तै सप्तरी प्रदेशसभा क्षेत्र नं. ३ को १ का नेपाली काँग्रेसका मो. समिम अग्रस्थानमा रहेका छन् । उनलाई जनमत पार्टीका रामप्रसाद मण्डलले पच्छ्याइरहेका छन् । तेश्रो स्थानमा एमालेका जोगेन्द्र भगत रहेका छन् ।

यस्तै प्रदेशसभा ४ को १ मा नेकपा एकीकृत समाजवादीका गोबिन्द न्यौपाने अग्रस्थानमा रहेका छन् । उनलाई एमालेका उम्मेदवारले पच्छ्याइरहेका छन् । तेश्रोमा जनमत पार्टीका उम्मेदवार रहेका छन् ।

यसैगरि प्रदेशसभा ४ को २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्धकुमार सिंहले ३ हजार ५ सय १९ मत प्राप्त गरि अग्रस्थानमा छन् । दोश्रो स्थानमा जसपाका अभिषेक यादव रहेका छन् । उनले ३ हजार १ सय ३२ मत प्राप्त गरेका छन् । तेश्रो स्थानमा जनमत पार्टीका केशरराज गुप्ता छन् ।

## सम्पादकीय

### नवनिर्वाचित प्रतिनिधिहरुको काम, कर्तव्य र चुनौती

भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट नवनिर्वाचित प्रतिनिधिहरुलाई सप्तरी जिल्लाको समग्र विकासका लागि महत्वपूर्ण भूमिका निर्वाहा गर्नु पर्ने भएको छ। निर्वाचनका समयमा जनतासँग गरिएको वाचालाई अब पूर्णरुपमा पालना गर्नुपर्ने देखिएको छ। जनताले सोही वाचालाई सम्झेर जनमत दिएको हो। अब उनीहरुले जिल्लामा भइरहेको विकासका कार्यहरुलाई निरन्तरता दिनुका साथै नयाँ कार्यहरु समेत गर्नु पर्ने चुनौती गपिएको छ।

पुराना जनप्रतिनिधिहरुले गरेका अधुरा कामहरुलाई निरन्तरता दिनुका साथै त्यस बाहेक अन्य नयाँ योजना तथा रोजगारीका लागि अवसर समेत सृजना गर्नु पर्ने चुनौती रहेको छ। यस बाहेक शिक्षा, स्वास्थ्य तथा रोजगारी समस्यालाई प्राथमिकताका साथ समाधान गर्नु पर्ने हुन्छ। यी क्षेत्रमा सबल रुपमा काम गर्न सकेमात्र जिल्लाको विकासमा ठेवा पुग्ने विश्वास गर्नसकिन्छ।

यसबाहेकका कार्यहरुलाई समेत आफ्नो पञ्च वर्षिय योजना समेटिनु आवश्यक छ। होइन् भने जनताले विगतका जनप्रतिनिधिहरुसँग तुलना गर्न समेत पछि हट्ने छैन्। तसर्थ जसरी जनमत दिएर जनताले निर्वाचित गरेका छन् त्यसरी नै आगामी निर्वाचनमा जनताले मुल्याङ्कन गर्नेछ, पुनः दोहोऱ्याउने की नयाँलाई रोज्ने।

# संसद् मात्र हैन, सन्देशसमेत दिएको निर्वाचन

**विपुल पोखेल**
काठमाडौँ, ७ मङ्सिर (रासस)।

अहिले प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मत परिणाम आइरहेको छ। मत परिणामलाई लिएर विभिन्न टिप्पणी र अनुमानहरू गर्न थालिएको छ। यो निर्वाचनमा नागरिकको नैराश्यता मतपेटिकामा प्रस्तुत हुने अनुमान निर्वाचनपूर्व नै धेरैले गरेका थिए। यही अपेक्षालाई आधार मानेर केही नयाँ पार्टीहरू पनि जन्मिए भने स्वतन्त्र रूपमा पनि थुप्रै उम्मेदवारहरूले प्रतिस्पर्धा गरे। परिणामले मतदानपूर्व गरिएको अनुमानलाई केही हदसम्म सत्य साबित गरिदिएको छ।

निर्वाचनलाई वैधानिक ढङ्गबाट परिवर्तन गर्ने एउटा माध्यमका रूपमा पनि लिइन्छ। परिवर्तनको अपेक्षा गर्नु मानवीय गुण नै हो। हरेक निर्वाचन होस् वा क्रान्तिहरूले सधैँ परिवर्तनको अपेक्षा गरेका हुन्छन् र त्यस्तो अपेक्षा गर्न नागरिकलाई प्रेरित पनि गरिरहेका हुन्छन्। सधैँ परिवर्तनको अपेक्षा गरिरहेका नागरिकले निर्वाचनका समयमा यस्तो अपेक्षा गर्नुलाई स्वाभाविक रूपमा ग्रहण गर्नु पनि पर्दछ। परिवर्तनका लागि हिंसा वा हडतालको बाटो पकड्नुभन्दा मतपेटिकाको उपयोग गर्ने चेतनाको विकास हुनु आफैँमा सकारात्मक कुरा हो।

नेपाली समाज अब मतपेटिकामार्फत नै क्रान्ति हुन्छ भनेर विश्वास गर्ने तहमा पुगेको छ भनेर विश्लेषण गर्ने आधार पनि यो चुनावले दिएको छ। युवाहरू टायर बाल्ने र सडक बन्द गर्ने अभ्यासलाई अस्वीकार गर्दै लोकतान्त्रिक विधिबाट परिवर्तनको पक्षमा उभिनुपर्छ भन्ने मान्यता राख्दछन् भन्ने सन्देश यो चुनावमार्फत प्रकट र स्थापितसमेत भएको छ।

यो चुनावले दिएका यी कुराहरू अत्यन्तै सकारात्मक पक्ष हुन्। लोकतन्त्रको सबलताका लागि पनि यी पक्षहरूले योगदान दिनेछन्। त्यति मात्रै हैन, निरन्तर लोकतान्त्रिक अभ्यास हुँदै गर्दा कैयौँ यस्ता नागरिक भावनाहरूलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा पनि स्थापित भएको छ। निरन्तरको निर्वाचनलाई अपेक्षाअनुसारको परिवर्तनका रूपमा उपयोग गर्न सकिन्छ नै।

यति मात्रै होइन, यो चुनावले अन्य महत्वपूर्ण सन्देशहरू पनि दिएको छ। परम्परागत शक्तिलाई आफ्नो कार्यशैली परिवर्तन गर्न चेतावनी नै दिएको छ। उम्मेदवार छनोटको निश्चित विधि बनाउन बाध्य हुन सिकाएको छ। राजनीतिमा दलाल वर्गको उपस्थितिलाई निरुत्साहित गर्न चुनौती दिएको छ। पैसा र बलको राजनीतिक अभ्यासलाई अस्वीकार गर्न अपिल गरेको छ। इतिहासको मात्र होइन, सम्भावना र योग्यताको कदर गर्ने कुरालाई प्राथमिकतामा राख्न भनेको छ। समग्रमा सुशासनको छाताभित्र बसेर राजनीतिक कर्म गर भन्ने आक्रामक अभिव्यक्ति पनि दिएको छ।

यो चुनावमार्फत मतपत्रहरूमा व्यक्त भाव भनेकै सुशासनतर्फ प्रतिबद्ध बन भन्ने नै हो। सुशासनको अवस्थामा सुधार आउन नसकेकै कारण राजनीतिप्रति नागरिकको नैराश्यता र उदासीनता चुलिँदै गएको हो। खासगरी सहरी क्षेत्रहरूमा मतदाताले त्यो भावना अभिव्यक्त पनि गरेका छन्। चुनावमा मत प्रतिशत कम हुनु, मतदानका क्रममा उत्साह पनि खासै नदेखिनु पनि नैराश्यता प्रदर्शनकै एउटा तरिका थियो। दललाई मत हाल्ने समानुपातिक निर्वाचनको मतपत्रमा समेत फरक चुनाव चिन्न खोज्नेको सङ्ख्या ठूलो देखियो। यो पनि परम्परागत शक्तिहरूसँगको एउटा विद्रोह हो।

राजनीतिमा नागरिकहरू अझ त्यसमा पनि युवाको चासो बढेन, अग्रसरता देखिएन र आवश्यक परेमा हस्तक्षेपकारी भूमिकामा उभिन सकेनन् भने त्यो राजनीति एउटा निश्चित वर्गमा सीमित हुन्छ र वैयक्तिक वा समूहगत स्वार्थ पूर्तिको माध्यम मात्र बन्छ। यो अवस्थामा लोकतान्त्रिक शक्तिहरू पनि क्रमशः कुलीनतन्त्रको अभ्यासमा अभ्यस्त हुँदै जान्छन्। नेपाली राजनीतिमा देखिएको एउटा खतरा यो पनि थियो। युवाको हुँकारसहितको चासो र उपस्थितिले त्यस्तो अभ्यास गर्नबाट रोक्न सक्छ। यो चुनावमा युवाहरूको हुँकार पनि सही सुनिएको छ। अब संसद्मा र नीति निर्माणका अन्य संरचनाहरूमा पनि ठूलो स्वरमा त्यो हुँकार सुनाउन सक्ने 'ग्राउन्ड' यो निर्वाचनले तय गरिदिएको छ।

नाता, परिवारमा सीमित, सम्पत्तिलाई नै लक्ष्य ठान्ने, विलासी शैली अपनाउने, शक्तिको दुरुपयोग गर्ने जस्ता विसङ्गतिको भीडबाट एक छिन पर उभिएर राजनीतिक रणनीति बनाउनका लागि प्रेरणाका रूपमा पनि चुनावलाई ग्रहण गर्न सक्नुपर्दछ। मतपत्रमा परेको स्वस्तिक छापको गन्ध बुझेर नयाँ पदचाप तय गर्ने दिशामा नेपाली राजनीतिलाई लैजाने क्षमता जसले देखाउँछ, उसँग मात्र नागरिकको अपेक्षा रहने निश्चित छ। शक्तिको दुरुपयोग गर्दै निश्चित वर्गको स्वार्थका लागि राजनीतिलाई बन्धक बनाउनेहरूको हातमा अब राजनीति रहन सक्दैन।

निर्वाचनले संसद् त बनाउँछ नै। त्यो संसद्लाई कसरी गतिशील बनाउने भन्ने सन्देश पनि दिन्छ। यसपालिको निर्वाचनले संसद्लाई कसरी गतिशील बनाउने भन्ने सन्देशसमेत दिएको छ। त्यो आवाज संसद्का सबै सदस्यले सुन्ने क्षमता राख्छन् कि राख्दैनन् भन्ने दोस्रो कुरा हो, तर त्यसलाई नबुझ्न् वा नजरअन्दाज गर्नेहरू राजनीतिक खेलमा क्रमशः अस्वीकृत हुँदै जाने चाहिँ निश्चित छ। पाँच महिनाअघि जन्मेको पार्टीको जबर्जस्त उपस्थितिलाई व्यक्तिको उपस्थिति र उपस्थित व्यक्तिको सङ्ख्याका रूपमा मात्र व्याख्या गरिनु हुँदैन।

निर्वाचनपछिको नेतृत्वले नागरिकमा उत्साह भर्ने र हाम्रै पालामा परिवर्तन सम्भव छ भन्ने सन्देश दिने ढङ्गले काम गर्नुपर्ने चुनौती बहन गर्नुपर्ने छ। यो चुनौतीको सम्बोधन गर्ने क्षमताको अपेक्षा अब आम नागरिकको पहिलो पर्खाइ हो।

राजनीतिशास्त्रीहरूले राजनीतिलाई 'कला पनि हो र विज्ञान पनि हो' भनेर परिभाषित गरेका छन्। विज्ञानले परिणाम दिन्छ र कलाले परिणाम दिनका लागि काम गर्दछ। राजनीतिलाई कला पनि र विज्ञान पनि मान्ने हो भने राजनीतिमा सही कर्म गर्दै त्यस कर्मबाट सिङ्गो समाजलाई लाभान्वित गर्ने गरी राजनीतिकर्मीले काम गर्नुपर्ने हुन्छ। यसरी काम हुन नसक्दा नै नागरिक तहमा नैराश्यता थपिएको हो। एउटा प्रक्रियाको निरन्तरताका रूपमा मात्र राजनीतिक गतिविधिहरूलाई सीमित गर्दा राजनीतिसँग नागरिकको चासो छुट्दै गएको अवस्था हो।

सिर्जनात्मक रूपमा आफ्नो 'कला पक्ष'लाई सबल बनाउँदै परिणाम दिनका लागि आफूलाई प्रतिबद्ध बनाउने हो भने मात्र त्यस्तो राजनीतिक अभ्याससँग नागरिकको चासो बढ्दै जान्छ। शक्तिको प्रयोग, शक्ति सन्तुलन र बाध्यकारी निर्णयहरूमा राजनीतिक कर्मलाई सीमित गर्दा नागरिकका दैनन्य आकाङ्क्षाको पूर्ति र समस्याहरूको सम्बोधन सही ढङ्गले हुन सक्दैनन्। नागरिकका समस्या र चाहनालाई कसरी राजनीतिकर्मीहरूले लिन्छन् र सम्बोधन गर्छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ।

नेपालको लोकतान्त्रिक अभ्यासका क्रममा राजनीतिशास्त्रीले भनेको झैँ कला पक्ष र विज्ञान पक्षलाई सन्तुलित गर्न नसक्दा यस्ता तमाम समस्याहरू उब्जिएको मान्न सकिन्छ। स्थापित र परम्परागत शक्तिहरूका कतिपय व्यवहारले गर्दा नागरिकहरूमा हुर्किएको तीतो यथार्थ हाम्रासामु छ। पुस्ता हस्तान्तरणमा उदासीन, समकालीन समस्याहरूको पहिचानमा असक्षमता प्रदर्शन, आधुनिक विश्वसँग नेपाली समाजलाई जोड्ने प्रस्ट दृष्टिकोणको अभाव, बेरोजगारी समस्या सम्बोधनलाई प्राथमिकतामा नराखिनु, विचौलियाको बोलबाला बढ्दै जानु, अपारदर्शी सम्पत्ति कमाउने प्रवृत्तिको विकास, भ्रष्टाचार बिना कामै नहुने परिस्थिति बलियो बन्दै जानु, राज्यका संरचनाहरूप्रति नागरिकको विश्वास उड्दै जानु अहिलेका मुख्य प्रवृत्ति र चुनौती हुन्। यी प्रवृत्तिहरूबाट समाजले मुक्ति खोजिरहेको छ।

'नो नट अगेन' जस्ता अभियानहरू, पुस्ता हस्तान्तरणका लागि दिइएका दबाबहरू उल्लिखित प्रवृत्तिबाट मुक्तिका लागि नै चलेका हुन्। उनै पात्र, उनै सोचले नागरिकमा पुनर्ताजगी हुन सक्दैन। समानुपातिकतर्फका अधिकांश उम्मेदवारहरूको अनुहार हेरेर पनि नागरिकहरूले समानुपातिकतर्फको मतपत्रमा समेत फरक चिह्न खोजेकोसमेत पाइयो। यसले पात्र र प्रवृत्तिमा समेत परिवर्तन खोजिएको देखाएको छ। यी सबै पक्षहरूलाई केलाएर हेर्दा यो चुनावले संसद् मात्र बनाएन, थुप्रै नयाँ सन्देशहरू पनि दिएको छ। सन्देशको मुख्य भाव प्रस्ट छ- अहिलेकै तरिकाले राज्य सञ्चालन हुन सक्दैन, अब कामको शैली परिवर्तन गर्नै पर्दछ। सबै निर्वाचित सांसदहरूले यो सन्देश बुझ्न सकून्। लोकतन्त्रको भविष्यमा यसैमा निर्भर छ। *(लेखक नेपाल पत्रकार महासङ्घका अध्यक्ष हुनुहुन्छ)*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# चालु आवको अन्त्यसम्म राजधानीका तीनवटै जिल्लामाएफटिटिएच सेवा पुऱ्याइने

काठमाडौँ, ७ मङ्सिर (रासस)।

नेपाल टेलिकमले चालु आर्थिक वर्षको अन्त्यसम्ममा काठमाडौँ उपत्यकाका तीन वटै जिल्लामा फाइबर टु द होम ( एफटिटिएच) सेवा पुऱ्याउने भएको छ।

राजधानीका मुख्य सहरी भागमा अहिले पनि एफटिटिएच सेवा पुगेकामा चालु आवको अन्त्यसम्म भने काँठ र ग्रामीण भेगमा लैजाने गरी तयारी गरिएको हो।

टेलिकमले सन् २०१५ जनवरीदेखि पाइलट प्रोजेक्टका रूपमा एफटिटिएच सेवा सुरु गरेको थियो। सन् २०१७ देखि भने व्यावसायिक रूपमा यो सेवा आरम्भ भएको नेपाल टेलिकमका सहायक प्रवक्ता रञ्जित लोहियाले राससलाई जानकारी दिनुभयो। घर-घरमा फाइबर पुऱ्याउने उद्देश्यले यो सेवा सुरु गरिएको हो।

हालसम्म ६८ जिल्लाका मुख्य मुख्य सहरमा फाइबर सेवा पुगेको छ। गत वर्षमात्र एफटिटिएचको दुई लाख २६ हजार पोइन्ट जोडिएकोउहाँले बताउनुभयो। चालु आवमा एफटिटिएचका तीन लाख पोइन्टजोड्ने कार्यक्रम छ।

हालसम्म एफटिटिएच सेवाका लागि देशभर नौ लाख ५५ हजार छ सय ६६ पोइन्ट जोडिएको छ। हाल यो सेवाका ग्राहक भने दुई लाख ८६ हजार छन्।

एफटिटिएच सेवाका लागि पोइन्ट जोड्न भौतिक रूपमा काम गर्नुपर्ने भएकाले व्यावसायिक सेवा सुरु गरेको पाँच वर्षमा पनि देशभर सेवा बिस्तार गर्न नसकिएको सहायक प्रवक्ता लोहिया स्वीकार गर्नुहुन्छ।

कोरोना महामारीका कारण दुई वर्ष विदेशबाट सामग्री ल्याउन नसकिएकाले पनि एफटिटिएच सेवा विस्तारको काममा ढिलाइ भएको हो। यो काम काठमाडौँ उपत्यकाकामा भने २०८० साल असारसम्ममा सक्ने लक्ष्य राखिएको छ।

हालसम्म डोल्पा, मुगु, हुम्ला, कालिकोट, जुम्ला, रुकुम पूर्व, रुकुम पश्चिम, बझाङ र बाजुरामा एफटिटिएच सेवा पुग्न सकेको छैन। यस बाहेकका ६८ जिल्लामा यो सेवा पुगेको छ। जसमध्ये जुम्लामा भने काम भइरहेको टेलिकमले जनाएको छ।

एफटिटिएच सेवा लैजान घरअघि बक्स राखिन्छ। तार भूमिगत रूपमा लगिन्छ। बक्सबाट भने पोलबाट पनि तार लगिने जनाइएको छ।

तामाको तारमा आधारित प्रणालीमा रहेको एडिएसएल सेवाको इन्टरनेटलाई अप्टिकल फाइबर प्रणालीमा आधारित प्रविधिमा रुपान्तरण गर्न एफटिटिएच सेवा विस्तारलाई प्राथमिकतामा राखिएको हो। सबैतिर अप्टिकल फाइबर पुगेपछि तामाको तारमा आधारित प्रविधि बन्द गर्ने टेलिकमको तयारी छ।

एफटिटिएच प्रविधिबाट इन्टरनेटका साथै ग्राहकले टेलिभिजन र टेलिफोन सेवा पनिपाउने छन्। यी तीनै सेवा प्रदान गर्ने अरु इन्टरनेट प्रदायक संस्था नेपालमा छैनन्। यो प्रविधि जोड्नेले एक महिनामा मोबाइलमा १०६ जिबी डाटा पनि निःशुल्क पाउने व्यवस्था गरिएको छ।

# मूलधारको राजनीतिमा 'युटर्न' डा राउतको संसद यात्रा

**राजु विश्वकर्मा/अरुणकुमार यादव**

सप्तरी, ७ मङ्सिर (रासस)।

विखण्डनको मुद्दा छाडेर मूलधारको राजनीतिमा फर्किनुभएका जनमत पार्टीका अध्यक्ष डा सिके राउत (चन्द्रकान्त राउत) प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। अघिल्लो सरकारसँग सम्झौता गरी मूलधारको राजनीतिमा युटर्न हुनुभएका डा राउतको पहिलोपटक जनप्रतिनिधिको रुपमा संसद् भवनमा प्रवेश पाउनुभएको हो। डा राउतले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवलाई १८ हजारभन्दा बढी मतान्तरले पराजित गर्दै सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ।

मतगणनाको अन्तिम परिणामअनुसार डा राउतले ३५ हजार ४२ मतसहित निर्वाचित हुँदा यादवले १६ हजार नौ सय ७९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले जानकारी दिनुभयो। सत्तारुढ पाँच दलीय गठबन्धनका साझा उम्मेदवार लोसपाका नेता जयप्रकाश ठाकुरले भने सात हजार तीन सय ४४ मत मात्र प्राप्त गर्नुभयो। कूल ९५ हजार तीन सय ४४ मतदाता रहेको सो क्षेत्रमा गत आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा ६४ हजार पाँच सय ६० मत खसेको थियो।

**को हुन् डा सिके राउत ?**

जनमत पार्टीका अध्यक्ष राउत सप्तरीको महदेवा गाउँपालिकाका स्थायी बासिन्दा हुनुहुन्छ। संयुक्त राज्य अमेरिकाबाट नासाको वैज्ञानिक पेसा छाडेर एक दशकअघि उहाँ नेपाली राजनीतिमा प्रवेश गर्नुभएको हो। बेलायतको क्याम्ब्रिज युनिभर्सिटिबाट विद्यावारिधि गर्नुभएका ४३ वर्षीय डा राउत अमेरिकामा बसेर काम गर्दै आउनुभएको थियो।

राजनीति गर्ने उद्देश्यले सन् २०११ मा नेपाल फर्किनुभएका डा राउत 'स्वतन्त्र मधेस' स्वराजको अभियान बोकेर देशव्यापी सङ्गठन निर्माणमा जुट्नुभएको थियो।

स्वतन्त्र मधेस गठबन्धन नामक पार्टी स्थापना गरेर छ वर्ष लामो अभियान चलाउनुभएका डा राउत सो क्रममा पटकपटक राज्य विप्लवको मुद्दामा पक्राउ परेर जेलसमेत पर्नुभयो। गत २०७५ साल फागुन २४ मा केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारसँग ११ बुँदे सहमति गरेर मूलधारको राजनीतिमा उहाँ सहभागी हुनुभयो।

त्यसपश्चात् उहाँले स्वतन्त्र मधेस गठबन्धन पार्टी विघटन गरी जनमत पार्टी गठन गर्नुभयो। निरन्तर सङ्गठन विस्तारमा जुट्नुभएका डा राउत सङ्गठनकै बलमा चुनावी मैदानमा उत्रिनुभएको थियो। डा राउत नेतृत्व जनमत पार्टी नेपाली राजनीतिमा यतिबेला नयाँ शक्तिको रुपमा उदाएको देखिन्छ।

**शिक्षा, स्वास्थ्य, रोजगारी र कृषि क्षेत्रको विकास गर्नु प्रमुख लक्ष्य हो : डा राउत**

सप्तरीको क्षेत्र नम्बर २ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य तथा जनमत पार्टीका अध्यक्ष डा राउतले शिक्षा, स्वास्थ्य, रोजगारी र कृषि क्षेत्रको विकास नै आफ्नो प्रमुख लक्ष्य भएको बताउनुभएको छ।

राजविराजस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचित भएको प्रमाणपत्र प्राप्त गरेपछि सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्नुहुँदै डा राउतले आफ्नो पहिलो एजेण्डा नै शिक्षा, स्वास्थ्य, रोजगारी र किसानको समस्या समाधान गर्नुरहेको बताउनुभयो।

"मलाई सप्तरीका जनताले यी एजेण्डामा काम गर्नकै लागि जनादेश दिएका छन", उहाँले भन्नुभयो, "जनताको विश्वास र भरोसालाई टुट्न दिन्न्, जनादेशलाई शिरमा राखेर काम गर्ने छु।" आफ्नो पहिलो कार्य योजना नै सरकारी सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउने रहेको उहाँको भनाइ थियो।

सप्तरीलाई सतप्रतिशत शिक्षित जिल्ला बनाउनु, विकराल रहेको कुपोषणलगायतका स्वास्थ्य समस्यालाई समाधान गर्दै सतप्रतिशत जनताको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउनु, हरेक परिवारलाई रोजगारीसँग जोड्नु र किसानलाई सहजरुपमा मलखाद्य, बीउबिजन र सिँचाइको व्यवस्था गर्नु आफ्नो एजेण्डा रहेको डा राउतले सुनाउनुभयो। राजनीतिक संस्कृतिको विकास गर्न जनताले आफूमाथि भरोसा गरेर जिताएको उल्लेख गर्नुहुँदै डा राउतले आफूलाई मतदान गरेर विजयी बनाउनुभएकोमा मतदातालाई धन्यवादसमेत ज्ञापन गर्नुभयो।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## विश्व समाचार

### हत्या-आतङ्कमा उत्रेको युक्रेनको आरोप

किएभ, ७ मङ्सिर (रासस/एएफपी)।

युक्रेनले रुस हत्या गर्ने तथा आतङ्क फैलाउन उद्यत रहेको आरोप लगाएको छ। प्रसूतिगृहसमेतमा आक्रमण गरेर रुसले हत्या र आतङ्कको सहारा लिएको युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बताउनुभएको छ। दक्षिणी जापोरिझिया क्षेत्रमा अवस्थित प्रसूतिगृहको एउटा कक्षमा रुसले बुधबार आक्रमण गर्दा एकजना नवजात शिशुको मृत्यु भएपछि क्रुद्ध हुनुभएका युक्रेनी राष्ट्रपतिले "नौ महिनामा हासिल गर्न नसकेको लक्ष्य अब दुश्मनले हत्या र आतङ्कका माध्यमबाट हासिल गर्ने प्रयास गरिरहेको छ तर त्यसमा पनि असफल हुनेछ," युक्रेनमा भएका नराम्रा कामका निम्ति मस्को जिम्मेवार रहेको उल्लेख गर्दै सामाजिक सञ्जालमा लेख्नुभएको छ।

### रुस-क्युबा सम्बन्ध विस्तारमा जोड

मस्को, ७ मङ्सिर (रासस/सिन्हवा)।

रुस र क्युबाले आपसमा दुई देशबीचको सम्बन्धको विस्तारका लागि जोड दिएका छन्। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र क्युबाको कम्युनिष्ट पार्टी तथा क्युबाली राष्ट्रपतिका प्रथम सचिव बीचको वार्ताका क्रममा सो सहमति भएको समाचारमा जनाइएको छ। रुस भ्रमणमा रहनुभएका क्युबाको कम्युनिष्ट पार्टी तथा क्युबाली राष्ट्रपतिका प्रथम सचिव मिगुल दियाज-क्यानेल बर्मुदिजले मङ्गलबार रुसी राष्ट्रपति पुटिनसँग भेटवार्ता गर्नुभएको थियो।

उहाँहरुका बीचमा भएको वार्तामा दुई देशले आपसको सम्बन्धलाई थप सुदृढ बनाउँदै लैजाने विषयमा कुराकानी भएको प्राप्त समाचारमा जनाइएको छ। सोभियत युनियन र रुसी नागरिक सधैँ क्युबाको पक्षमा रहेका छन् र क्युबाली नागरिकले उनीहरुको स्वतन्त्रता र देशका सार्वभौमिकताका पक्षमा गरेका सङ्घर्षका पक्षमा छन्- पुटिनले सो भेटका क्रममा बताउनुभएको चिनियाँ समाचार समिति, सिन्ह्वाले जनाएको छ।

मङ्गलबार मस्कोमा भएको भेटवार्ताका क्रममा रुसी राष्ट्रपति पुटिनले आगामी दिनमा पनि यो सम्बन्धलाई थप सुमधुर बनाउने भन्दै विभिन्न अन्तरराष्ट्रिय फोरममा रुसले क्युबाको पक्षमा समर्थन गर्ने जनाउनुभएको पनि सो समाचारमा जनाइएको छ। रुसको औपचारिक भ्रमणमा जानुभएका प्रथम सचिव बर्मुदिजले हाल रुसले विश्व राजनीतिमा प्रदर्शन गरेको भूमिकाको समर्थन गर्दै क्युबाको सहयोगका लागि रुसले खेलेको भूमिकाको पनि प्रशंसा गर्नुभएको थियो। उहाँहरु सो भेटवार्ताअघि मस्कोमा आयोजित क्युबाका पूर्व राष्ट्रपति फिडेल क्यास्ट्रोको शालिक अनावरण समारोहमा उपस्थित हुनुभएको थियो। त्यस अवसरमा पूर्व राष्ट्रपति क्यास्ट्रोप्रति श्रद्धाञ्जलि अर्पण गरिएको थियो।

### नाइजेरियामा दुई बस ठोक्किएर भएको दुर्घटनामा ३७ को मृत्यु

अबुजा, ७ मङ्सिर (रासस/सिन्ह्वा)।

नाइजेरियामा मङ्गलबार भएको एक बस दुर्घटनमा परी कम्तीमा पनि ३७ जनाको ज्यान गएको बताइएको छ। नाइजेरियाको उत्तरपूर्वी बोर्नो राज्यमा दुई बस आपसमा जुधेका थिए। यसरी बस जुध्दा ती बसमा रहेका यात्रुमध्ये कम्तीमा पनि ३७ जनाको ज्यान गएको यहाँको प्रान्तीय प्रहरीले जानकारी दिएको छ।

बोर्नो प्रान्तको प्रान्तीय ट्राफिक प्रहरीका कमाण्डर उतेन बोइले सडकमा दुई तर्फबाट आएका बस आपसमा ठोक्किँदा बसमा आगो लागेको उहाँले बताउनुभएको छ। बसमा सवार अधिकांश यात्रुको जलेर मृत्यु भएको बताइएको छ। द्रुतगतिमा गुडेका दुवै बसले नियन्त्रण गुमाएको हुँदा ठोक्किएर निकै परसम्म पुगेकोले दुर्घटनास्थलमा धेरैले ज्यान गएका थिए। नाइजेरियामा सडक दुर्घटनाहरु प्रायः हुने गरेका छन्। खासगरी खराब सडक तथा यहाँका चालकहरुले जथाभावीरुपमा सवारी हाँक्ने गरेकाले यस्ता दुर्घटनाहरु हुने गरेका प्रहरीको भनाइ छ।

### भर्जिनिया वालमार्ट गोलीकाण्डः कम्तीमा दश जनाको मृत्यु

चेसापेक, ७ मङ्सिर (रासस/एपी)।

भर्जिनियाको वालमार्टमा मङ्गलबार राति भएको गोलीकाण्डमा धेरै मानिस मारिएका तथा घाइते भएका प्रहरीले बताएको छ। घटनामा हताहत एवम् घाइते भएकाको पूर्ण विवरण प्राप्त नभए पनि कम्तीमा १० जनाले ज्यान गुमाएका छन्। वालमार्टमा गोली प्रहार गर्ने आक्रमणकारी पनि मारिएको छ। दैनिक उपभोगका सरसामान पाइने उक्त पसलमा सुरक्षाकर्मी पुग्दा धेरै मृतक र घाइतेलाई फेला पारेका थिए। तत्काल उनीहरूको उद्धारमा अधिकारीहरू परिचालन भएका थिए। वालमार्टमा एकव्यक्तिबाट हमला भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

वालमार्टले भर्जिनियाको चेसापेकस्थित आफ्नो स्टोरमा भएको दुखद घटनाबाट स्तब्ध भएको जनाउँदै प्रभावित समुदाय समुदायप्रति सहानुभूति प्रकट गरेको छ। घाइतेको उपचार गरिरहेको नार्फोक जनरल अस्पतालले उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी नदिइ पाँच जना अस्पताल भर्ना भएका बताएको छ।

# प्रधानमन्त्री देउवा डडेल्धुराबाट सातौँपटक विजयी

डडेल्धुरा, ७ मङ्सिर (रासस)। डडेल्धुराबाट प्रतिनिधिसभा सदस्यका लागि प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जित हासिल गर्नुभएको छ। योसँगै उहाँ यही जिल्लाबाट प्रतिनिधिसभाका लागि सातौँपटक विजयी हुनुभएको हो।

कुल ५१ हजार दुई सय तीन मतमा कांग्रेस सभापति देउवाले २५ हजार पाँच सय ३४ मत प्राप्त गरी विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जानकारी दिनुभयो। उहाँका प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार सागर ढकालले १३ हजार ४२ मत प्राप्त गर्नुभएको छ। अर्का उम्मेदवार नेपाली कांग्रेस (विपी)का कर्णबहादुर मल्लले सात हजार पाँच सय ३५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचनको कार्यालयले जनाएको छ।

देउवा विसं २००३ जेठ ३१ गते डडेल्धुराको असिग्राम गाविस–५ मटेला, रुवाखोलामा जन्मिनुभएको हो। विसं २०१७ देखि राजनीतिमा लाग्नुभएका देउवा कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको पहिलो निर्वाचित अध्यक्षसमेत हुनुहुन्छ।

विसं २०४८ को आमचुनावमा देउवा डडेल्धुराबाट विजयी हुनुभयो। देउवा २०५१ र २०५६ को संसदीय चुनाव, विसं २०६४ र २०७० को संविधानसभा चुनाव तथा २०७४ को संसदीय चुनावमा डडेल्धुराबाट विजयी हुनुभएको थियो। यसपटक सातौँपटक पनि डडेल्धुराका मतदाता तथा अन्य साथीहरूको सहयोगमा जित हासिल भएको कांग्रेसका जिल्ला सचिव शेरबहादुर भण्डारीले जानकारी दिनुभयो।

# कैलाली-३ प्रतिनिधिसभा र प्रदेशसभामा नागरिक उन्मुक्ति पार्टी विजयी

अत्तरिया, ७ मङ्सिर (रासस)। कैलाली निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा र दुवै प्रदेशसभामा नागरिक उन्मुक्ति पार्टी विजयी भएको छ। यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरी निर्वाचित हुनुभएको छ।

साथै, दुवै प्रदेशसभामा पनि नागरिक उन्मुक्ति पार्टीको उम्मेदवार विजयी हुनुभएको हो। निर्वाचन कार्यालयका अनुसार प्रदेशसभा १ बाट घनश्याम चौधरी र प्रदेशसभा २ बाट खुसीराम चौधरी विजयी हुनुभएको हो।

धनश्याम चौधरीले १३ हजार नौ सय २३ मत प्राप्त गर्नुभयो भने उहाँका निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकाखेमराज डगौरा थारुले ११ हजार पाँच सय ७२ मत प्राप्त गर्नुभयो।

प्रदेशसभा२ का खुशीराम चौधरीले सात हजार पाँच सय ३९ मत प्राप्त गर्नुभयो भने उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एकीकृत समाजवादीका अमर साउद ६ हजार छ सय १९ मत प्राप्त गर्नुभयो।

# तीन चरणमा रेल सेवा चल्ने

जनकपुरधाम, ७ मङ्सिर (रासस)। जयनगर-कुर्था रेल्वे मार्गमा मङ्सिर ११ गतेदेखि १३ गतेसम्म रेल सेवा दैनिक तीन 'सिफ्ट' मा चल्ने भएको छ।

मिथिला क्षेत्रको प्रसिद्ध सीताराम विवाह पञ्चमी पर्वलाई दृष्टिगत गरी मङ्सिर ११, १२ र १३ गतेसम्म रेल सेवा दैनिक तीन सिफ्ट चलाइने नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ। विवाह पञ्चमी मेला महोत्सवका लागि आउने धार्मिक तीर्थयात्री तथा भक्तजनको सुविधालाई मध्यनजर गरी तीन दिन बिहान ८:३० बजे जयनगरबाट कुर्था, बिहान १०:४५ बजे कुर्थाबाट जयनगर, पुनः १२:३० बजे जयनगरबाट जनकपुरधाम, दिउँसो १:४० जनकपुरबाट जयनगर तथा दिउँसो ३ बजे जयनगरबाट कुर्था र बेलुका ५:१५ बजे कुर्थाबाट जयनगर रेल सेवा सञ्चालन गरिने नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले जानकारी दिनुभयो।

जयनगरदेखि महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत २० गतेदेखि नियमित रेल सेवा सञ्चालन भइरहेको छ।

सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जयनगर-कुर्था रेल मार्गमा रेल सेवाको उद्घाटन गर्नुभएको थियो। त्यसयता रेल सेवा दैनिक दुई पटक आउने र दुई पटक जाने गरिरहेको छ।

# बाँकेमा राप्रपाका डा धवलशम्शेर विजयी

नेपालगञ्ज, ७ मङ्सिर (रासस)। बाँके-२ मा राप्रपाका महामन्त्री डा धवलशम्शेर राणा विजयी हुनुभएको छ। एमाले-राप्रपा गठबन्धनबाट विजयी हुनुभएका राणाले २९ हजार पाँच सय ७७ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

उहाँका निकटतम् प्रतिद्वन्द्वी मोहम्मद इस्तियाक राईले २३ हजार पाँच सय २० मत प्राप्त गरेर दोस्रो स्थान हासिल गर्नुभएको छ। नेपाली कांग्रेसका सुदीपनरसिंह राणा चार हजार चार सय तीन मत ल्याएर तेस्रो हुनुभएको छ। नेपालगञ्ज उप महानगरपालिकाको दुईपटक प्रमुख हुनुभएका राणालाई साझा उम्मेदवारका रूपमा हेरिएको थियो। क्षेत्र नं २ मा ९७ हजार आठ सय तीन मतदाता रहेका थिए।

बाँके क्षेत्र नं २ (१) बाट जसपाका भण्डारीलाल यादव विजयी हुनुभएको छ। जनता समाजवादी पार्टी(जसपा) नेपालका यादवले निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले-राप्रपा) गठबन्धनतर्फका एमालेका विजयबहादुर यादवलाई हराउँदै विजयी हुनुभएको हो। उहाँ दुई हजार दुई सय मतान्तरले विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

जसपाका यादवले कुल ११ हजार पाँच सय चार मत प्राप्त गर्नुभएको छ। दोस्रो स्थानमा रहेका एमालेका विजयबहादुर यादवले नौ हजार तीन सय ५८ मत पाउँदा नेपाली कांग्रेसका राजकुमार कुर्मीले आठ हजार सात सय ३१ मत पाउनुभएको छ। बाँके २ (१)मा ३५ हजार आठ सय ६८ मत खसेको थियो। त्यसमा ३३ हजार चार सय ८५ मत सदर भएको थियो भने दुई हजार तीन सय ८३ मत बदर भएको थियो।

बाँके २(२) बाट जसपाका आदेशकुमार अग्रवाल आठ हजार दुई सय ४६ मत पाएर विजयी हुनुभएको छ। उहाँका निकटतम् प्रतिद्वन्द्वी एमालेका निरक गुरुङले छ हजार सात सय नौ मत पाउँदा कांग्रेसका सुरेन्द्रबहादुर हमालले छ हजार दुई सय ४६ मत पाउनुभएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# चित्रबहादुर केसी विजयी

गलकोट, ७ मङ्सिर (रासस)। बागलुङ निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय जनमोर्चाकाअध्यक्ष चित्रबहादुर केसी विजयी हुनुभएको छ। वाम लोकतान्त्रिक गठबन्धका साझा उम्मेदवार केसी दुई हजार ६ सय २६ मतले नेकपा (एमाले)का सूर्य पाठकलाई पराजित गर्नुभएको छ।

केसीले ५४ हजार सात सय ११ मतमध्ये २१ हजार चार सय ५१ मत प्राप्त गरेर विजयी हुनुभएको मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले जानकारी दिनुभयो। एमालेका पाठकले १८ हजार आठ सय २५ र राष्ट्रिय स्वतन्त्र पार्टीका खिमानन्द कँडेलले नौ हजार एक सय ८१ मत प्राप्त गर्नुभएको छ।

उमेरले ८० वर्ष पुग्नुभएका केसीको राजनीतिक जीवनमा धेरै उतारचढाल रह्यो। विसं २०५६ र २०६४ को चुनावमा प्रत्यक्ष निर्वाचित हुनुभएका केसी २०७० को संविधानसभा निर्वाचनमा समानुपातिक तर्फबाट सांसद बन्नुभएको थियो। केसीको यो चौथो पटकको संसद यात्रा हो।

विसं २०५१ सालको आम निर्वाचनमा केसी बागलुङ क्षेत्र नं २ बाट प्रतिनिधिसभाको सदस्यको उमेदवार भए पनि उहाँ पराजित हुनुभयो। त्यसपछि २०५६ सालको संसदीय निर्वाचनमा उहाँ यही क्षेत्रबाट संसद चुनिनुभयो। तत्कालीन समयमा उहाँले नेपाली कांग्रेसका गोपाल सापकोटालाई पराजित गर्नुभएको थियो। विसं २०६४ को संविधानसभा सदस्यमा केसीले नेपाली कांग्रेसका मणिभद्र शर्मा कँडेललाई पराजित गरेर निर्वाचित हुनुभएको थियो। केसीले २०७४ सालमा भने चुनाव लड्नुभएन ।

केसी २०७२ साल कात्तिक १९ मा ७५ वर्षको उमेरमा उपप्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री बन्नुभएको थियो। राजनीतिक भाषण तथा अन्तर्वार्तामा उखान टुक्का मिसाएर बोल्ने उहाँको शैली मन पराउनेको सङ्ख्या धेरै छ। केसीले राजनीतिक यात्रामा १९ वर्ष भूमिगत जीवन बिताउनुभएको छ। उहाँले९ महिना जेल जीवन बिताउनुभएको थियो।

सूचना

विषयः- मूल्यदर उपलब्ध गराई दिने सम्बन्धमा

मिति २०७९/०८/०७

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार मकै बालीमा (जातः रामपुर कम्पोजिट, अरुण २, रामपुर २, राजकुमार एफ १, डिकेसी ९०८१ एफ १, अल राउण्डर एफ १, टि.एक्स ३६९ एफ १, रामपुर हाइब्रिड ४, पोषिलो मकै २, रामपुर ४ आदि), तेलहन बालीमा रायो/तोड बाली (जातः पुसा बोल्ड, कृष्णा आदि) र दलहन बालीमा मुङ्ग बाली (जातः पुसा बैशाखी, कल्याण, प्रतिक्षा र प्रतिज्ञा) को उन्नत बीउ अनुदानमा वितरण गर्नु पर्ने भएकोले यस कार्यालयमा सूचिकृत भएका संस्थाहरुले उल्लेखित यस जिल्ला/क्षेत्रमा सिफारिस भएका जातहरुको मूल्यदर ७ दिन (मिति २०७९/०८/१३) गते भित्र उपलब्ध गराई सहयोग गरि दिनु हुन अनुरोध गरिन्छ ।

कृषि ज्ञान केन्द्र
सप्तरी

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

- जेष्ठ नागरिकलाई सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।

सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*